# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६


प.सं.: २०७७/०७८
च.नं.:

मिति: २०७७/०५/१४

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश

**विषयः सूचना प्रकाशन गरिएको ।**

जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) को मिति २०७७/०५/१४ गते जारी आदेश अनुसार नेपाल सरकार द्वारा जारी जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा सवारी साधनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने, अर्को आदेश जारी नभएसम्मका लागि संक्रामक रोग ऐन,२०२० को दफा २ को व्यवस्था बमोजिम जारी आदेशको पालना गर्ने/गराउने, साथै यस नगरपालिकामा सेवा संचालनमा आवश्यक पर्ने सामाग्री बिक्री वितरण गर्ने कार्य विहान ७ देखि १२ बजे सम्म र साँझ ४ बजे देखि ७ बजे सम्म अनिवार्य रुपमा सामाजिक दुरी कायम गरी मास्क र सेनिटाइजरको प्रयोग गर्ने र अन्य कुराको हकमा जिल्ला प्रशासन कार्यालयबाट जारी आदेश बमोजिम सेवा संचालन गर्नु/गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

०५/१४

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख


इमेलः devchulimunicipality@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७७/७८

मिति २०७७/०५/१४

**कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जनस्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण परिपालना गर्ने/गराउने सम्बन्धी जारी आदेश ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण केही दिन यता जिल्ला भित्र बढ्दै गइरहेको हुँदा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्धारा जारी जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा सावधानीहरुलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने/गराउने सन्दर्भमा अर्को आदेश नभएसम्म देहाय बमोजिम हुने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ को व्यवस्था बमोजिम जिल्लाभर लागू हुने गरी यो आदेश जारी गरिएको छ । जारी आदेशको अवज्ञा गर्ने/गराउने लाई सोही ऐन एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराइन्छ ।

१) अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कने र निस्कनै पर्ने अवस्थामा अनिवार्य रुपमा मास्क लगाउने, सामाजिक दूरी कायम गर्ने तथा स्यानिटाइजरको प्रयोग वा साबुन पानीले हात धुने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षा सतर्कता पूर्ण रुपमा पालना गर्नुहुन

२) मानिस भेला भई गरिने कुनै पनि प्रकारका सभा, समारोह, गोष्ठी, तालिम सेमिनार लगायत जमघट र भिडभाड हुने कार्य एवं गतिविधिहरु नगर्नु/नगराउनु हुन

३) यात्रुवाहक सार्वजनिक सवारी साधनहरु अर्को आदेश नहुदा सम्म सञ्चालन नगर्नु/नगराउनु हुन

४) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल, सैलुन, ब्युटीपार्लर तथा स्पा, स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लव, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति, धार्मिक तथा सामाजिक स्थल, पुस्तकालय र सङग्रहालयहरु सञ्चालन नगर्नु/नगराउनु हुन

५) मानिस भिडभाड र जमघट भई गरिने धार्मिक (नित्य दैनिक पुजाआजा बाहेक), सांस्कृतिक एवं सामाजिक क्रियाकलापहरु नगर्नु/नगराउनु हुन

६) नेपाल सरकारले जारी गरेका जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड तथा पूर्वसावधानीहरुको पूर्ण पालना गरी/गराई अत्यावश्यक सेवा, सरकारी र सार्वजनिक कार्यालय/निकायले न्यूनतम कर्मचारी परिचालन गरी सेवा प्रवाह तथा कार्यहरु गर्नु हुन (सम्बन्धित सेवा प्रदायक निकाय/संस्थाका प्रमुखले स्वास्थ्य सुरक्षाका मापदण्डको परिपालना हुने/गर्ने व्यवस्था मिलाउने)

७) जिल्ला भित्र सञ्चालित निर्माण कार्य/उद्योग, प्रतिष्ठानहरुले आफ्नो परिसर भित्र नेपाल सरकारद्वारा जारी गरिएको स्वास्थ्य सुरक्षाका मापदण्ड (Protocol) को पूर्ण रुपमा परिपालना गरी/गराई कार्य गर्न/गराउन सकिने

(पिताम्बर घिमिरे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी